# राष्ट्रिय दलित आयोगको आचारसंहिता, २०७८

आयोगबाट स्वीकृत मिति २०७८।११।०५ गते

**प्रस्तावना**: राष्ट्रिय दलित आयोगले आफ्नो काम, कर्तव्य तथा अधिकारको कार्यान्वयन गर्न, आयोगका काम कारवाहिलाई प्रभावकारी र विश्वासनीय बनाई स्वतन्त्र, निष्पक्ष एवं वस्तुनिष्ठ र पारदर्शी बनाउँदै आयोगका सदस्यएवम् कर्मचारीहरुको सार्वजनिक सदाचार, पदीय मर्यादा तथा पेशागत आचरण र सुशासन कायम गर्न राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ३(ज) बमोजिम यो आचारसंहिता बनाई जारी गरेको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ :

१.१ यो आचारसंहिताको नाम "राष्ट्रिय दलित आयोगको आचारसंहिता, २०७८" रहेको छ ।

१.२ यो आचारसंहिता राष्ट्रिय दलित आयोगबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

## २. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,

२.१ "आयोग" भन्नाले राष्ट्रिय दलित आयोगलाई सम्झनुपर्छ ।

२.२ "अध्यक्ष" भन्नाले राष्ट्रिय दलित आयोगका अध्यक्षलाई सम्झनु पर्छ र सो शब्दले कार्यवाहक अध्यक्षलाई समेत जनाउनेछ ।

२.३ "सदस्य" भन्नाले आयोगका सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्षलाई समेत जनाउँदछ ।

२.४ "कर्मचारी" भन्नाले आयोगमा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ र सो शब्दले आयोगको कामका खटिएका विशेषज्ञ, समिति वा कार्यदलका सदस्य वा आयोगको काममा संलग्न अन्य निकायका कर्मचारी वा व्यक्तिलाई समेत जनाउनेछ ।

२.५ "परिवार" भन्नाले आयोगका सदस्य र कर्मचारीसँग बस्ने पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहित महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहित महिला कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउनेछ ।

## ३. पदीय मर्यादा र आचरण :

३.१ आयोगका सदस्यले देहायबमोजिमको पदीय मर्यादा तथा आचरण पालना गर्नु पर्नेछ :

क) दलित समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन गर्न तथा दलित समुदायको सशक्तिकरणको लागि स्वन्त्र, निष्पक्ष र इमान्दारिपूर्वक आफ्नो पदीय दायित्व निर्वाह गर्ने,

ख) विभिन्न जातजाति, समुदाय तथा सम्प्रदायबीचको सम्बन्धमा खलल् पर्ने कुनै काम नगर्ने,

३.२ आयोगका सदस्य एवम् कर्मचारीले कार्य सम्पादन गर्दा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधिनता, स्वाभिमानमा प्रतिकुल असर नपर्ने गरी नेपालीको हक हितको रक्षाका साथै नेपालको आर्थिक, सामाजिक समुन्नति र समृद्धि हुने गरी स्वतन्त्र, निष्पक्ष र इमान्दारीपूर्वक आफ्नो पदीय दायित्व निर्वाह गर्नु पर्नेछ ।

३.३ आयोगका सदस्य एवम् कर्मचारीले दलित समुदायको इतिहास र संस्कृतिको पहिचान एवं त्यसको संरक्षण र संवर्द्धनका लागि क्रियाशील रहनुपर्नेछ ।

३.४ आयोगका सदस्य एवम् कर्मचारी आयोगको संस्थागत एवं कार्यगत स्वतन्त्रता र निष्पक्षता अभिवृद्धि गर्न हरसम्भव प्रयत्नशील रहनु पर्नेछ ।

३.५ आयोगका सदस्य एवम् कर्मचारीले आयोगको कार्यसम्पादन गर्दा वा पदीय कर्तव्य तथा दायित्व निर्वाह गर्दा बाह्य वा आन्तरिक कुनै पनि क्षेत्रबाट कुनै पनि कारणले प्रत्यक्ष वा परोक्षरुपमा आउने प्रभाव, प्रलोभन, दवाव, भनसुन, धम्की, आग्रह, पूर्वाग्रह आदिबाट प्रेरित वा प्रभावित नभई कानूनको निष्पक्ष र स्वच्छ रुपले कार्यान्वयन गर्नु पर्नेछ ।

३.६ आयोगका सदस्य एवम् कर्मचारीले नागरिकको व्यक्तिगत स्वतन्त्रता, मानव अधिकार र मौलिक हकको सम्मान र संरक्षण हुने गरी सेवाग्राहीहरुप्रति र एक-आपसमा सम्मानजनक र मानवीय व्यवहार गर्नु पर्नेछ ।

३.७ आयोगका सदस्य एवम् कर्मचारीले आयोगको काम कारवाहीमा असर पर्ने गरी वा आयोगको स्वतन्त्रता, निष्पक्षता वा विश्वासनीयतामा आँच पुग्ने गरी कुनै प्रकारको टिकाटिप्पणी वा आलोचना
सार्वजनिक वा अन्य कुनै अभिव्यक्ति दिनु हुँदैन ।

३.८ आयोग प्रति जनविश्वास अभिवृद्धि गर्ने आयोगका सदस्यले आफ्नो व्यवसायिक तथा निजी जीवनमा उच्चस्तरको नैतिक आचरण प्रदर्शन गरी समाजमा उदाहरणीय रुपमा प्रस्तुत हुने प्रयास गर्नु पर्नेछ ।

## ४. स्वार्थ बाझिएमा निर्णय प्रकृयामा सहभागी हुन नहुने :

४.१ आयोगमा विचाराधिन कुनै विषयमा आयोगका सदस्यको हित, सरोकार वा स्वार्थ रहेको वा निजको परिवार प्रभावित हुने भएमा त्यस्तो सदस्यले आयोगमा पूर्व जानकारी गराउनु पर्ने र निर्णय प्रक्रियामा सहभागी हुन हुँदैन ।

४.२ आयोगका कार्मचारीको कार्यालयसँग सम्बन्धित कुनै काममा व्यक्तिगत हित, सरोकार वा स्वार्थ रहेको वा निजको परिवार प्रत्यक्ष प्रभावित हुने भएमा त्यस्तो कर्मचारीले सो कुराको

जानकारी आफूभन्दा माथिल्लो श्रेणीको अधिकृतलाई गराई त्यस्तो कार्यमा संलग्न हुन हुँदैन ।

## ५. सदाचार र अनुशासन सम्बन्धी आचरणहरु :

५.१ आयोगका सदस्य एवम् कर्मचारीले देहायका कार्य गर्नु पर्दछ :

५.१.१ आयोगको उद्देश्य, नीति, कार्यक्रम, मूल्य मान्यता प्रति सदा समर्पित भइरहने,

५.१.२ सरकारी कोष, सरकारी वा सार्वजनिक सम्पत्तिको हिनामिना, अव्यवस्था र दुरुपयोग हुन नदिने,

५.१.३ आफुले सार्वजनिक संस्थालाई तिर्नुपर्ने फछ्र्यौट गर्नुपर्ने वा बुझाउनु पर्ने रकम, कर, दस्तुर, दण्ड जरिवाना वा महशुल कानून बमोजिम समयमै बुझाउने,

५.१.४ पोशाक भत्ता लिने राष्ट्र सेवकले तोकिए बमोजिमको पोशाक लगाउने,

५.१.५ आयोगका कर्मचारीले निजामती कर्मचारीका लागि व्यवस्था भएका कानून बमोजिम तोकिएका आचारण, नियमहरु तथा पेशागत मापदण्ड/आचरणको समेत पालना गर्ने,

५.१.६ आयोगका पदाधिकारीहरुले आयोगको बैठकमा उपस्थिति हुँदा राष्ट्रिय वा औपचारीक पोशाकमा उपस्थित हुनुपर्ने,

५.१.७ मादक पदार्थ एवम् धुम्रपान, मध्यपान गरी कार्यालय परिसरमा उपस्थित नहुने ।

५.२ आयोगका सदस्य एवम् कर्मचारीले देहायका कार्य गर्नु हुँदैन :

५.२.१ विभिन्न जातजाती, समुदाय तथा सम्प्रदायबीचको सम्वन्धमा खलल पर्ने कुनै काम गर्न,

५.२.२ आयोगको सहमतिविना आयोगको तर्फबाट कुनै प्रकारको अनाधिकृत प्रतिवद्धता वा प्रतिज्ञा गर्न,

५.२.३ कर्तव्य पालनाको सिलसिलामा जानकारीमा आएका कानून बमोजिम गोप्य राखु पर्ने विषय वा कागजात वा व्यहोरा प्रत्यक्ष वा परोक्ष रुपमा प्रकाशन गर्न वा प्रकट गर्न,

५.२.४ आफु वा आफ्नो परिवारसँग सम्वन्धित कुनै काम गर्न वा गराउन वा नगराउन आफु कार्यरत वा अन्य निकायका पदाधिकारी वा व्यक्तिलाई दबाब दिन वा अनुचित प्रभाव पार्न ।

५.३ उपहार तथा कोसेली ग्रहण गर्न नहुने :

५.३.१ आयोगका सदस्य एवम् कर्मचारीले आयोगबाट सम्पादन हुने कार्यसँग सम्बन्धित व्यक्ति वा संस्थाबाट कुनै दान, दातव्य, ऋण, आर्थिक वा भौतिक लाभ उपहार वा

कोसेली ग्रहण वा स्वीकार गर्नतर विशुद्ध पारिवरिक सम्बन्धको आधारमा प्रदान गरिएको दान, दातव्य, ऋण, उपहार वा कोसेली लिन बाधा पर्ने छैन ।

५.३.२ आयोगको सदस्य एवम् कर्मचारीले आफु मातहतका निकाय वा अन्तरगत निकायका पदाधिकारी वा कर्मचारीबाट कुनै किसिमको उपहार तथा कोसेली ग्रहण गर्न ।

## ५.४ निजी, गैर सरकारी संघ/संस्थाको पदाधिकारी हुन तथा अन्यत्रको रोजगारी स्वीकार गर्न नहुने :

५.४.१ आयोगको सदस्य एवम् कर्मचारीले कुनै निजी वा गैरसरकारी संघ संस्था खोल्न, संचालन गर्न, कर्मचारी वा पदाधिकारी हुन वा त्यस्तो संस्थाका अनुचित वा गैरकानूनी क्रियाकलापमा संलग्न हुन,

५.४.२ आयोगका सदस्य एवम् कर्मचारीले प्रचलित कानून बमोजिम बाहेक बाह्य रोजगारी स्वीकार तथा ग्रिनकार्ड, डिभी वा पि.आर. भर्न वा लिन,

५.४.३ आयोगका सदस्य एवम् कर्मचारीलेकुनै राजनैतिक दल वा त्यस्तो दलसित आवद्ध कुनै भातृ तथा सुभेच्छुक संस्थाको सदस्यता ग्रहण गर्न ।

## ५.५ पदको दुरुपयोग गर्न नहुने :

५.५.१ आयोगको सदस्य एवम् कर्मचारीले आफ्नो ओहोदा एवं अख्तियारी आफु वा आफ्नो परिवार वा कसैको अनुचित लाभ वा कसैलाई गैरकानुनी हानी पुग्ने गरी प्रयोग गर्न हुँदैन ।

५.५.२ आयोगका सदस्य एवम् कर्मचारीले आयोगको सम्पति वा सुविधा कार्यालय प्रयोजनको लागि वा आफ्नो पदीय हैसियतलाई सुहाउदो किसिमले बाहेक अन्य व्यक्तिगत काममा दुरुपयोग गर्न हुँदैन ।

# ६. आयोगका सदस्य एवम् कर्मचारीले देहायका कार्य गर्न हुन्छ :

६.१ आयोगको काम कारबाहीमा प्रतिकूल प्रभाव नपर्ने गरी आफुले विशेषज्ञता हासिल गरेको विषयमा लिखित वा मौखिक परामर्श, प्रवचन दिन वा अध्ययन अनुसन्धान लेखन गर्न सकिन्छ ।

६.२ साहित्य, कला, संस्कृति, खेलकुद, ज्ञान, विज्ञान, प्रविधि, मनोरञ्जन सम्बन्धी र पेशागत तथा सामाजिक संस्थाहरुमा सदस्य हुन र त्यस्ता मञ्चहरुमा सहभागी हुन सकिने छ ।

६.३ आयोगले गोप्य राख्नु पर्ने विषयहरु बाहेक आयोगको उद्देश्य, नीति तथा कार्यक्रमका सम्बन्धमा प्रतिकुल असर नपर्ने गरि लेख रचना प्रकाशन गर्न सकिने छ ।

६.४ नेपाल सरकार, कानून बमोजिम स्थापित बैंकिङ एवं वित्तीय संस्था सार्वजनिक कम्पनीहरुले सार्वजनिक रुपमा जारी गरेको ऋणपत्र, बचतपत्र, सेयर खरिद बिक्री तथा लाभाशं लिन सकिने छ ।

६.५ सबैको लागि खुल्ला गरिएको प्रतिस्पर्धामा सहभागी भै पुरस्कार पदक प्रमाण पत्र एवं सम्मान ग्रहण गर्न सकिने छ ।

## ७. आचार संहिताको अनुगमन :

७.१ यो आचारसंहिताको पालना सम्बन्धी अनुगमन देहाय बमोजिम पदाधिकारीबाट गरिने छ :

क. आयोगको अध्यक्षको हकमा आयोगबाट,

ख. आयोगको सदस्य तथा सचिव वा सो सरहको कर्मचारीको हकमा अध्यक्ष वा अध्यक्षले तोकेको सदस्यबाट,

ग. अन्य कर्मचारीको हकमा आयोगको सचिव वा निजले तोकेको अधिकृत कर्मचारीबाट ।

## ८. विविध :

८.१ यो आचारसंहिताको पालना गर्नु आयोगका पदाधिकारी एवं कर्मचारीको कर्तव्य हुनेछ ।

८.२ यो आचार संहिताको उल्लङ्घन गरेमा प्रचलित कानून अनुसार कारवाही हुनेछ ।

८.३ यो आचारसंहिताको पालना सम्बन्धी द्विविधा उत्पन्न भएमा कर्मचारीहरुले आयोगका सचिव समक्ष र सचिव तथा सदस्यले आयोग समक्ष परामर्श गरी निकासा भए बमोजिम गर्नु पर्दछ ।

८.४ यो आचारसंहिता पालना गर्ने गराउने सम्बन्धमा कुनै विशेष परिस्थिती आइपरेमा वा कुनै बाधा अड्चन परेमा आयोगले तत्सम्बन्धमा आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

८.५ आयोगले आवश्यकता अनुसार यो आचारसंहिता संशोधन गर्न सक्नेछ।